इच्छाकामना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
इच्छाकामना-४, कुरिनटार चितवन
बागमती प्रदेश, नेपाल

आज मिति २०८१।०१।०६ गते विहिबारका दिन यस गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर गुरुङज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको कार्यालयमा कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्ताबहरुमाथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

उपस्थितिः

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री दान बहादुर गुरुङ | गाउँपालिका अध्यक्ष |
| २. | | श्री माया सिलवाल | गाउँपालिका उपाध्यक्ष |
| ३. | | श्री सन्तबहादुर मगर | वडा नं.१ वडा अध्यक्ष |
| ४. | | श्री पञ्चबहादुर प्रजा | वडा नं.२ वडा अध्यक्ष |
| ५. | | श्री नरबहादुर नेपाल | गा.पा. प्रवक्ता एवं वडा नं.३ वडा अध्यक्ष |
| ६. | | श्री रुद्रप्रसाद उप्रेती | वडा नं.४ वडा अध्यक्ष |
| ७. | | श्री तेजबहादुर शेरचन | वडा नं.५ वडा अध्यक्ष |
| ८. | | श्री लक्ष्मण प्रजा | वडा नं.६ वडा अध्यक्ष |
| ९. | | श्री बमबहादुर थापामगर | वडा नं.७ वडा अध्यक्ष |
| १०. | | श्री अन्जु चेपाङ | कार्यपालिका सदस्य |
| ११. | | श्री पार्वती गुरुङ | कार्यपालिका सदस्य |
| १२. | | श्री टेकमाया गुरुङ | कार्यपालिका सदस्य |
| १३. | | श्री परिमाया कामी | कार्यपालिका सदस्य |
| १४. | | श्री राजकुमार चेपाङ | कार्यपालिका सदस्य |
| १५. | | श्री शंखबहादुर चेपाङ | कार्यपालिका सदस्य |
| १६. | | श्री चन्द्रकान्त बस्नेत | सदस्य-सचिब |

अन्य उपस्थितिः

१. वासु पण्डित, अधिकृत सातौं, प्रशासन शाखा प्रमुख

२. उद्गाम तिमिल्सिना, अधिकृत सातौं, आर्थिक प्रशासन शाखा प्रमुख

३. तेज कुमार धमला, अधिकृत छैटौं

Scanned with CamScanner

<u>कार्यपालिकाको प्रस्ताब पेश कार्यसूची</u>

बैठक संख्याः ३८
अध्यक्षताः श्री दान बहादुर गुरुङ
बैठक मितिः २०८१।०१।०६
बैठक स्थानः इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार।
बैठक समयः विहान ११:०० बजे

| मिति | बैठक समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८१।०१।०६ | ११:०० बजे | दुम्किम हेप्चेक शौचालय निर्माण, छापडाँडा शौचालय निर्माण, रा.आ.वि. मायाटार रंगरोगन र रा.आ.वि. पैरेनी रंगरोगन कार्यको रकम भुक्तानी सम्बन्धमा । | योजना शाखा | १ |
| २०८१।०१।०६ | ११:१५ बजे | 'इच्छा दर्पण' नामक साहित्यक पुस्तक प्रकाशन बापतको रकम भुक्तानी सम्बन्धमा। | शिक्षा शाखा | २ |
| २०८१।०१।०६ | ११:२० बजे | मुग्लिङ हाईवे हस्पिटललाई अनुदान उपलब्ध गराउने सम्बन्धमा। | स्वास्थ्य शाखा | ३ |
| २०८१।०१।०६ | ११:२५ बजे | गाई/भैंसीमा विमा प्रवर्द्धन तथा गोठ सुधार कार्यक्रम र उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम सञ्चालनको लागि वडा छनौट सम्बन्धमा। | पशु विकास शाखा | ४ |
| २०८१।०१।०६ | ११:३० बजे | सोता बगरको नदीजन्य प्राकृतिक स्रोतको उत्खनन्, संकलन तथा उपभोग सम्बन्धमा। | पूर्वाधार विकास शाखा | ५ |
| २०८१।०१।०६ | ११:३५ बजे | राष्ट्रिय आधारभूत विद्यालय वर्ल्याङमा कार्यरत शिक्षिका हितमाया प्रजालाई गाउँपालिकाको निजी स्रोत शिक्षकको रुपमा व्यवस्थापन गर्ने सम्बन्धमा। | शिक्षा शाखा | ६ |
| २०८१।०१।०६ | ११:४० बजे | वडा नं. १ र २ का अति विपन्न घरपरिवारलाई विद्युत मिटर जडानको लागि धरौटी रकम सहयोग सम्बन्धमा। | प्रशासन शाखा | ७ |
| २०८१।०१।०६ | ११:४५ बजे | गाउँपालिकामा सहायकस्तर पाँचौ तहमा कार्यरत कर्मचारी रिता अर्याल नेपाललाई औषधि उपचार खर्च उपलब्ध गराउने सम्बन्धमा। | प्रशासन शाखा | ८ |
| २०८१।०१।०६ | ११:५० बजे | खगेरी खोला र रानी भोटी खोलाको नदीजन्य प्राकृतिक स्रोतको उत्खनन्, संकलन तथा उपभोग सम्बन्धमा। | पूर्वाधार विकास शाखा | ९ |
| २०८१।०१।०६ | १२:०५ बजे | एकीकृत वस्तुस्थिति निर्माण कार्यको म्याद थप सम्बन्धमा। | प्रशासन शाखा | १० |
| २०८१।०१।०६ | १२:१० बजे | आदिवासी जनजाती महासङ्घ चितवनद्वारा आयोजित प्रथम आदिवासी जनजाती महोत्सवमा राखिएका २ वटा स्टलहरुको रकम भुक्तानी सम्बन्धमा। | सामाजिक विकास शाखा | ११ |
| २०८१।०१।०६ | १२:१५ बजे | नदिजन्य पदार्थ उखनन् गर्न अनुमति प्राप्त निर्माण व्यवसायीहरुलाई थप Excavactor/JCB प्रयोग गर्ने अनुमति प्रदान गर्ने सम्बन्धमा। | पूर्वाधार विकास शाखा | १२ |

Scanned with CamScanner

**पूर्व बैठकको समीक्षा**

मिति २०८०।१२।०६ मा बसेको कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो। कार्यान्वयन अवस्था सन्तोषजनक रहेको पाइयो।

**३८ औं कार्यपालिका बैठकको निर्णयहरुः**

निर्णय नं.१: वडा नं. २ को दुम्किम् हेप्चेक खानेपानी तथा सरसफाई समितिले समितिका अति विपन्न २५ घरधुरीको शौचालय निर्माण कार्यको लागत रु. १,२५,०००।-(अक्षरेपि एक लाख पच्चीस हजार मात्र), छापडाँडा खानेपानी तथा सरसफाई समितिले समितिका अति विपन्न ५घरधुरीमा शौचालय निर्माण कार्यको लागत रु. २५,०००।-(अक्षरेपि पच्चीस हजार मात्र), रा.आ.वि. मायाँटारमा खानेपानी तथा सरसफाई योजना अन्तर्गत रंगरोगन कार्यको लागत रु. ५०,०००।-(अक्षरेपि पचास हजार मात्र) र वडा नं. ६ को रा.आ.वि. पैरेनीमा खानेपानी तथा सरसफाई योजना अन्तर्गत रंगरोगन कार्यको लागत रु. १,००,०००।-(अक्षरेपि एक लाख मात्र) गरी जम्मा रु. ३,००,०००।-(अक्षरेपि तीन लाख मात्र) भुक्तानी आ.व. २०८०।०८१ को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम अन्तर्गतको वाइन टु वाटर साझेदारी शीर्षकवाट भुक्तानी गर्ने।

निर्णय नं.२: "इच्छाकामना साहित्य प्रवाह" नामक संस्थाले प्रकाशन गरेको "इच्छा दर्पण" नामक साहित्यिक पुस्तक छपाई बापतको अधिकतम रु. १,००,०००।- (अक्षरेपि एक लाख मात्र) सम्मको खर्च भाषा, कला तथा संस्कृति संरक्षण शीर्षकवाट प्राप्त बिल एवं प्रमाणका आधारमा उक्त पुस्तक छाप्ने छापाखानालाई भुक्तानी दिने।

निर्णय नं.३: इच्छाकामना -५, मुग्लिङमा रहेको मुग्लिङ हाईवे हस्पिटलले गाउँपालिकाका विपन्न परिवारको उपचार, गाउँपालिका क्षेत्रभित्र प्रहरीले पकाउ गरेका व्यक्तिहरुको स्वास्थ्य परिक्षण, वेवारिसे व्यक्तिहरुको उपचारका साथै अन्य आकस्मिक औषधि उपचार सेवा प्रदान गरेवापत मनकामना केवलकार प्रा.लि. ले यस गाउँपालिकालाई उपलब्ध गराउने व्यवसायिक सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility-CSR) बापतको रकम मध्येबाट अधिकतम रु. ३,००,०००।-(अक्षरेपि तीन लाख मात्र) अनुदान यस कार्यालयमा पेश बिल, भर्पाईका आधारगा उपलब्ध गराउने।

निर्णय नं.४: आ.व. २०८०।०८१ को बार्षिक कार्यक्रम अन्तर्गतको ५०% लागत साझेदारीमा गाई/भैंसीमा विमा प्रवर्द्धन तथा गोठ सुधार कार्यक्रम वडा नं. ४ र ६ मा एवं उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम वडा नं.४ र वडा नं. ६ का दुध उत्पादन गर्ने किसानहरुलाई लक्षित गरी सञ्चालन गर्ने।

निर्णय नं.५: यस गाउँपालिकाको वडा नं. ३ मा पर्ने नेपाल सरकार उर्जा मन्त्रालयवाट उत्पादन अनुमति प्राप्त गरी ब्लु इनर्जी लि. द्वारा प्रवर्धित सुपर त्रिशुली जलविद्युत आयोजना (१०० मे.वा.) अथवा नेपाल सरकारको रणनीतिक सडक विस्तार योजना अन्तर्गतको पृथ्वी राजमार्ग अन्तर्गत मलेखु-मुग्लिङ सडक आयोजनाको Contractor; SHARMA-ZICG JV (Contract No. SRCTIP-DOR-W-NNM-

ICB-03) लाई गाउँपालिकाबाट स्वीकृत IEE प्रतिवेदनको अधिनमा रही प्रदेश कानून बमोजिम तोकिएको राजश्व रकम अग्रिम रुपमा दाखिला गरी त्रिशुली नदी किनारको सोता बगरबाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) उत्खनन् गरी घाटगद्दी गरी गाउँपालिकाको प्राविधिकको प्रत्यक्ष निगरानी र नापजाँच पश्चात मात्र निकासी गर्ने गरी उक्त आयोजनामा नै प्रयोग गर्न अनुमति प्रदान गर्ने।

निर्णय नं.६: वडा नं. २ मा रहेको राष्ट्रिय आधारभूत विद्यालय वर्ल्याङ्गमा मिति २०७८।११।२८ देखि भोलेन्टिएर शिक्षकको रुपमा कार्यरत श्री हितमाया प्रजालाई मिति २०८१।०१।०७ गते देखि लागू हुने गरी गाउँपालिकाको निजी स्रोत शिक्षकको रुपमा व्यवस्थापन गरी निजको तलबभत्ता गाउँपालिकाबाट भुक्तानी दिने।

निर्णय नं.७: वडा नं. १ र २ मा रहेका आफ्नो नाममा जग्गा धनी प्रमाण पुर्जा नभएका अति विपन्न घरपरिवारहरुमा विद्युत मिटर जडान गर्दा राख्नुपर्ने धरौटी बापतको रकम गाउँपालिकाले बेहोर्ने।

निर्णय नं.८: इच्छाकामना गाउँपालिकामा सहायकस्तर पाँचौ तहको स्थायी पदमा कार्यरत कर्मचारी रिता अर्याल नेपाललाई उपचार खर्च बापत निजले पेश गरेको बिल, भर्पाई एवं प्रमाणका आधारमा अधिकतम रु. १,००,०००।-(अक्षरेपि एक लाख मात्र) उपलब्ध गराउने।

निर्णय नं.९: विभिन्न निर्माण व्यवसायिहरुले विभिन्न स्थानमा सञ्चालित निर्माण कार्यहरुको लागि माग गर्नु भएको नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी एवम् बालुवा) सम्बन्धमा यस गाउँपालिकाको वडा नं. ७ मा पर्ने खगेरी खोला र रानीभोटी खोलाबाट गाउँपालिकाद्वारा स्वीकृत IEE प्रतिवेदनको अधिनमा रही माग भएको परिमाणको राजश्व अग्रिम रुपमा गाउँपालिकामा बुझाउने गरी गाउँपालिकाका प्राविधिक एवं कर्मचारीहरुको प्रत्यक्ष निगरानीमा माग गरिएको परियोजनामा नै प्रयोग गर्ने गरी देहायबमोजिमका निर्माण व्यवसायिहरुलाई उपलब्ध गराउने।

(क) रोजन निर्माण सेवा प्रा.लि.किर्तिपुर -१, काठमाडौंलाई पूर्वाधार विकास कार्यालय, भरतपुर, चितवनद्वारा सञ्चालित योजना Bharatpur Ward no. 20 Karyalaya Dekhi Bhimchandra School Hudei Dristi Chowk Gorkha Chowk Madhu Puri School (Amrit Marga) ( Contract no. IDO/CHT/W/NCB/70-077/078) मा उपयोग गर्न।

(ख) के.सी. - क्षमादेवी - प्रतिष्ठा जे.भी.मध्यपुर ठिमी, भक्तपुरलाई भरतपुर विमानस्थल आयोजना अन्तर्गत Construction Of terminal Building at Bharatpur Airport (Contract No:- CAAN/AED/BHR/TB1dg/079-80/04) मा उपयोग गर्न।

(ग) New SB Construction लाई रत्ननगर नगरपालिकाद्वारा आ.व. २०८०।०८१ मा सञ्चालित प्राथमिकता प्राप्त विभिन्न योजनाहरुमा उपयोग गर्न।

(घ) सम्राट विल्डर्स, रत्ननगर-१३, चितवनलाई रत्ननगर नगरपालिकाद्वारा आ.व. २०८०।०८१ मा सञ्चालित प्राथमिकता प्राप्त योजना Construction of drain and RCC road at

Scanned with CamScanner

Police Chauki Road to North side and Bakular Chowk to north side at ward no. 1 and 10 (RAT/CHITWAN/works/NCB/14/2080-81) मा उपयोग गर्ने।

(ङ) के.बि.सि. विल्डर्स कम्पनी प्रा. लि. भरतपुर -१०, चितवनलाई पूर्वाधार विकास कार्यालय, भरतपुर, चितवनद्वारा सञ्चालित योजना Construction of Bridge Over Kerunga Khola at Border of Bharatpur 23&24 Chitwan.( Contract no. IDO/CHT/W/NCB/51/079-80) मा उपयोग गर्ने।

निर्णय नं.१०: आ.व. २०७९।०८० मा खरिद प्रकृया शुरु भएको इच्छाकामना गाउँपालिकाको एकीकृत वस्तुस्थिति (Integrated Profile) निर्माण सम्बन्धी कार्यमा गाउँपालिकाबाट गणकको व्यवस्था गरी तथ्याङ्क संकलन गर्ने भनी सम्झौता भएकोमा गणकहरुद्वारा संकलित तथ्याङ्क सम्बन्धित वडाको वडासमितिबाट जाँच तथा परिक्षण (Verify) भई प्राप्त भईनसकेकोले उक्त कार्यको म्याद २०८१ साल असार मसान्तसम्म थप गर्ने।

निर्णय नं.११: आदिबासी जनजाती महासङ्घ, चितवनद्वारा आयोजित प्रथम जनजाती महोत्सवमा यस गाउँपालिकाको तर्फबाट राखिएका २ वटा स्टलहरु बापतको रु. ४०,०००।-(अक्षरेपि चालिस हजार मात्र) रकम उक्त महासङ्घलाई उपलब्ध गराउने।

निर्णय नं.१२: मिति २०८०।१०।१२ गते स्वीकृत IEE Report बमोजिम सोता बगर, रानी भोटी खोला र खगेरी खोला क्षेत्रहरुबाट नदीजन्य पदार्थ उत्खनन् गर्न यस गाउँपालिकाबाट अनुमति पाएका निर्माण व्यवसायीहरुलाई IEE Report मा उल्लिखित परिमाण भन्दा थप १/१ वटा Excavator/JCB प्रयोग गर्न अनुमति प्रदान गर्ने ।

Scanned with CamScanner